गण्डकी प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र नेपाल भ्रमण वर्ष २०२० गण्डकी प्रदेश समितिको नेपाल भ्रमण वर्ष २०२० को सन्दर्भमा प्रदेश स्तरीय

# निवन्ध प्रतियोगिता बारेको सूचना

नेपाल भ्रमण वर्ष २०२० को सन्र्दभमा गण्डकी प्रदेश, उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय र नेपाल भ्रमण वर्ष २०२० गण्डकी प्रदेश समितिले **गण्डकी प्रदेशका विद्यालयहरुमा कक्षा ९ देखि कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरु** बीच प्रदेश स्तरीय निवन्ध प्रतियोगिता संचालन गरी विद्यार्थीहरु माभ्ह नेपाल भ्रमण वर्ष २०२० को प्रचार प्रसार गर्ने, नेपाल भ्रमण वर्ष २०२० तथा पर्यटनको महत्व बुझाउने, देशको अर्थतन्त्रमा पर्यटन क्षेत्रले पुर्‍याउने योगदानको बारेमा समेत सुसूचित हुन मद्दत पुर्‍याउने आदि उद्देश्यहरुका साथ निबन्ध प्रतियोगिता आयोजना गरिने जानकारी यसै सूचना मार्फत गराउँदै गण्डकी प्रदेशका ११ वटै जिल्लाहरुमा अवस्थित विद्यालयहरुले इच्छुक विद्यार्थीहरु बीच तपशील बमोजिमका नियमहरुको अधिनमा रही निवन्ध लेखन प्रतियोगिता गराई प्रत्येक विद्यालयले उत्कृष्ट २ वटा निबन्ध नेपाल भ्रमण वर्ष २०२० को गण्डकी प्रदेशको सचिवालयको ठेगानामा पठाइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**प्रतियोगिताका नियमहरू:**

१. निवन्ध प्रतियोगिताका विषयहरु :

क) नेपाल भ्रमण वर्ष २०२० अवसर र चुनौती

ख) समृद्ध नेपालका लागि पर्यटनको भूमिका

ग) पर्यटन विकासमा सांस्कृतिक र प्राकृतिक सम्पदाको भुमिका

२. उपरोक्त शिर्षकहरु मध्ये एक विद्यार्थीले एक शिर्षकमा १००० शब्दमा नघटाई नेपाली भाषामा निवन्ध लेखी प्रतियोगितामा सहभागी हुन पाउनेछन् । निबन्धको भाषा नेपाली मात्र हुनेछ ।

३. निवन्धको पहिलो पेजमा विद्यार्थीको नाम, विद्यालयको नाम, कक्षा, रोल नं, छात्र वा छात्रा, सम्पर्क फोन नं, विद्यालयलको छाप र प्रधानाध्यापकको हस्ताक्षर समेत उल्लेख गरीएको हुनुपर्नेछ । सो पानाको अर्को पेज समेत खाली छोडी दोस्रो पानाको पहिलो पेजबाट लेख्न सुरु गर्नुपर्नेछ । विद्यालयले उत्कृष्ट २ निवन्ध छनौट गरि खामबन्दी गरि तल उल्लेखित सचिवालयको कार्यालयको ठेगानामा पौष २४, २०७६ सम्म प्राप्त हुने गरि पठाउनु पर्नेछ । उत्कृष्ट २ निवन्ध छनौट गर्दा निबन्ध लेखिएको पानाहरुमा प्राप्ताङ्क उल्लेख नगरि कुनै केरमेट नगरी पठाउनु पर्नेछ ।

४. प्रदेश स्तरमा उत्कृष्ट जम्मा ५ वटा मात्र निबन्धलाई पुरस्कृत गरिनेछ । प्रथम पुरस्कार रु. १५ हजार नगद र प्रमाणपत्र एक जनालाई, द्धितीय पुरस्कार रु.१० हजार र प्रमाणपत्र एक जनालाई, तृतीय पुरस्कार रु ५ हजार र प्रमाणपत्र एक जनालाई तथासान्त्वना पाँच जनालाई जनही रु. ३/३ हजार र प्रमाणपत्र प्रदान गरिनेछ ।

५. विजेता सहभागीहरुलाई एक समारोहको आयोजना गरी पुरस्कार वितरण गरिने छ र समारोहको स्थान, मिति र समय पछि जानकारी गराइने छ ।

६. पुरस्कार लिन स्वयं विद्यार्थी परिचयपत्र सहित समारोह आयोजना गरिने समयमा उपस्थित हुनुपर्नेछ । त्यसको लागि पुरस्कारका विजेता विद्यार्थी-१, विद्यालयका शिक्षक-१, र बिद्यार्थीका अभिभावक-१ लाई विद्यार्थी अध्ययनरत विद्यालयको जिल्लाबाट पुरस्कार वितरण गरिने स्थानसम्म आतेजाते बस भाडा र दुई दिन पोखरामा खाना र आवासको व्यवस्था गरिनेछ ।

**निबन्ध पठाउने ठेगाना थप जानकारीका लागि सम्पर्क:**

**नेपाल भ्रमण वर्ष २०२० गण्डकी प्रदेश समिति सचिवालय**

**नेपाल पर्यटन बोर्ड,**

ड्यामसाइड, पोखरा, कास्की

फोन नं ०६१-४६५२९२

इमेल: gandakivisit2020@gmail.com

gandaki@ntb.org.np

यो सूचना गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

वेभसाइटः http://moitfe.gandaki.gov.np/

नेपाल पर्यटन बोर्डको वेभसाइटः https://trade.welcomenepal.com/notice मा पनि राखिएको छ ।